नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग
**श्रम तथा रोजगार कार्यालय**
वीरगंज, पर्सा
(क्षेत्राधिकार : बारा, पर्सा, रौतहट जिल्लाहरु)

| पत्र संख्या : ०७६/०७७ | चलानी नम्बर : ९६४ | मिति :- ०७७/०६/२६ |
|---|---|---|

श्री व्यवस्थापक
सम्पूर्ण प्रतिष्ठानहरु
बारा, पर्सा, रौतहट

विषय :- कार्यान्वयन गर्ने सम्बन्धमा ।

उपरोक्त विषयमा श्रम तथा व्यवसायजन्य सुरक्षा विभागको च.नं.९१३ मिति ०७७/०६/२१ को पत्र साथ प्राप्त अखिल नेपाल सेक्यूरिटी मजदुर संघको च.नं.१० मिति ०७७/०५/२९ को पत्रको छाँया प्रति यसैसाथ पठाईएको छ। सो सम्बन्धमा व्यहोरा सोही पत्रवाट अवगत गरी कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ, ।

श्रमिकहरुको पारिश्रमिक लगायतका सुविधा सम्बन्धमा श्रमिक आपूर्तिकर्ताका साथै श्रम ऐन २०७४ को दफा ६४ अनुसार मुख्य रोजगारदाताको दायित्व हुने भएकोले तहाँ प्रतिष्ठानमा कार्यरत सुरक्षा श्रमिक (अन्य श्रमिक समेत)ले श्रम ऐन, २०७४ ले तोकेको अनुसार न्यूनतम पारिश्रमिक लगायतका अन्य सुविधाहरु पाएको भनि सुनिश्चित गर्नुहोला । अन्यथा सोही ऐनको परिच्छेद ११ बमोजिम आवश्यक कार्यवाही भई जाने व्यहोरा समेत जानकारी गराईन्छ।

०७७/६/२६
(सुन्दर श्रेष्ठ)
नि.कार्यालय प्रमुख
कार्यालय प्रमुख

**बोधार्थ**
श्री श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं
श्री श्रम तथा व्यवसायजन्य सुरक्षा बिभाग, मिनभवन, काठमाडौं
श्री अखिल नेपाल सेक्यूरिटी मजदुर संघ
श्री संयुक्त ट्रेड यूनियन समन्वय केन्द्र प्रदेश नं.२



०५१-५२३५९०, मो.नं. ९८५५०३४८९० ईमेल : labourofficeparsa@gmail.com Website : birgunj.leo.gov.np

"श्रमिकका मजदुर एक होऔं"

# अखिल नेपाल सेक्युरिटी मजदुर संघ

## All Nepal Security Workers Union

केन्द्रीय समिति

दर्ता नं. १८९

प.सं. च.नं. ९०/०६६/०६८

श्रीमान कार्यालय प्रमुख ज्यू,
श्रम तथा व्यवसायजन्य सुरक्षा बिभाग
बानेश्वर काठमाण्डौ,नेपाल

### बिषय: ज्ञापन पत्र

उपरोक्त सम्बन्धमा हाम्रो महान तथा गौरवशाली पार्टी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को भ्रातृ संगठन अखिल नेपाल ट्रेड यूनियन महासंघको शसक्त संगठन अखिल नेपाल सेक्युरिटी मजदुर संघ,आफ्नो स्थापना काल देखि नै देशैभर छरिएर रहेका आम सेक्युरिटी मजदुरहरुको कानुन प्रदत् हक,अधिकार सामाजिक न्याय एवं समानताको पक्षमा अविराम रुपमा संघर्षरत रहेको कुरा सर्वबिदितै छ ।

नेपाल सरकारले श्रम ऐन २०७४ जारी गरि भद्र १२ गते देखिनै कार्यान्वयनमा आइसकेको छ । नेपाल सरकारले कुनै पनि श्रम क्षेत्रमा काम गर्ने श्रमिकलाई विभेद नगरी समानताको आधारमा ऐन जारी गरेको छ । श्रम ऐन २०७४ मा संचयकोष र उपदान सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने व्यवस्था गरिएको छ भने औषधी बिमा एक लाख बराबर,२४ घण्टे दुर्घटना बिमा ७ लाख बराबर,बार्षिक ग्रेड,बिरामी बिदा,घर बिदा, क्रिया बिदा,प्रसुती बिदा, सार्वजनिक बिदा लगाएत श्रमिकले काम शुरु गरेको दिनबाटै पाउने भनि ऐनमै स्पष्ट किटान गरिएको छ साथै दशैं खर्च,लत्ता कपडा लगायत का सुबिधा समेत दिनु पर्नेछ । श्रम ऐन २०७४ को परिच्छेद ११ को श्रमिक आपूर्ति सम्बन्धि व्यबस्थाको दफा ५८ को उपदफा ३ मा श्रमिक आपूर्तिकर्ता मार्फत श्रमिक आपूर्ति गर्ने,गराउने गरि कुनै किसिमको प्रस्ताब वा बोलपत्र आव्हान वा पेश गर्दा वा श्रमिक आपूर्ति गर्ने गरि सम्झौता गर्दा आपूर्ति गरिने श्रमिकको पारिश्रमिक र अन्य सुबिधा एस ऐनमा तोकिएभन्दा कम नहुने गरी गर्नु पर्नेछ ।(४) उपदफा (३) बिपरित हुने गरी आव्हान वा पेश भएको प्रस्ताब वा बोलपत्र वा भएको सम्झौता स्वोत:रद्द हुनेछ।यसैगरी परिच्छेद ११ को श्रमिक आपुर्ती सम्बन्धि व्यबस्थाको दफा ६१ को श्रमिक आपुर्तिकर्ताको दायित्वको उपदफा (१) (२) (३) र (४) यसैगरी परिच्छेद ११ को श्रमिक आपूर्ति सम्बन्धि व्यबस्थाको दफा ६४ को मुख्य रोजगारदाताको दायित्व उपदफा (१) देखि (१०) सम्म श्रमिक आपूर्तिकर्ता र रोजगारदाताले वहन गर्नु पर्ने दायित्व स्पष्ट रुपमा ऐनमा लेखिएको छ ।साथै ०७५ साउन ३१ को नेपाल राजपत्र को द्रष्टब्य मा पारिश्रमिक,श्रम ऐन,सामाजिक सुरक्षा ऐन को बिषय स्पस्ट लेखिएको हुदाहुदै ०७६/०२/०५ गते श्रम रोजगार तथा सामाजिक सुरक्षा मंत्रालय ले श्रमिक आपूर्तिकर्ता मार्फत श्रमिकलाई काममा लगाउने संबन्धमा दिएको निर्देशन को सेक्युरिटी ब्यबसायीहरु र

ारका मजदुर एक होऔं" । [illegible]

# अखिल नेपाल सेक्युरिटी मजदुर संघ
## All Nepal Security Workers Union
### केन्द्रीय समिति, Central Committee

दर्ता नं. १६९

प.सं. च.नं.

यस कार्यलयबाट पनि कुनै चासो राखिएन । तसर्थ यस कार्यालय ले श्रम ऐन ०७४,सामाजिक सुरक्षा ऐन ०७४ र नेपाल राजपत्र ०७५ श्रबण ३१ मा तोकिए बमोजिम को तलब भत्ता र अन्य सेवा सुविधा नदिने , मात्र न्युनतम पारिश्रमिक १३४५०.०० मा टेण्डर लिने दिने व्यबस्थाको अन्त्य गरि सो ऐन कानुनहरुको कार्यन्वयन नगर्ने जो कोहि श्रमिक आपूर्तिकर्ता (सेक्युरिटी) कम्पनी हरुको बैंक ग्यारेन्टीको रकम बाट निबेदन परे गरेका श्रमिकहरु को तत्काल हरहिसाब दिलाई,त्यस्ता कम्पनीको इजाजत नबिकरण नगरी खारेजीको पक्रिया अघि बढाईयोस भनि यो ज्ञापन पत्र बुझाउदै छौं । अन्त्यमा हाम्रो शान्तिपुर्ण आवाजहरु लाई सम्बन्धित पक्षहरुले बेवास्ता गरे हाम्रो संगठन अ.ने.से.मा.संघ केन्द्रिय समिती जस्तोसुकै संघर्ष मा जान बाध्य हुने छ।

लक्ष्मी प्रसाद ढकाल

**अध्यक्ष**

अ.ने.से.म.संघ (केन्द्रिय समिती)

पेरिसडाँडा काठमाण्डौं,नेपाल

**बोधार्थः**

१. श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,सिंहदरबार काठमाण्डौं
२. सामाजिक सुरक्षा कोष,बबरमहल काठमाण्डौं
३. उधोग बाणिज्य महासंघ, टेकु काठमाण्डौं
४. अखिल नेपाल ट्रेड युनियन महासंघ,पेरिसडाँडा काठमाण्डौं
५. श्रम कार्यालय, टेकु काठमाण्डौं
६. नेपाल बैंकर्स एसोसिएसन,थापाथली काठमाण्डौं
७. सुरक्षा ब्यबसायी संगठन नेपाल,काठमाण्डौं
८. श्रम आपूर्तिकर्ता ब्यबसायी संघ,काठमाण्डौं
९. अखिल नेपाल श्रमिक आपूर्तिकर्ता संगठन,काठमाण्डौं
१० नेपाल कम्युनिस्ट पार्टी(बागमती प्रदेश),काठमाण्डौं